# प्रेस विज्ञप्ती

## लुम्बिनी प्रदेशमा नेपाल बैंकको डिजिटल बैंकिङ् साक्षरता अभियान

नेपाल बैंक लिमिटेडले मिति २०७८/०८/२८ गते लुम्विनी प्रदेशका सवै जिल्लाहरुमा एकै साथ डिजिटल बैंकिङ् वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ।

डिजिटल बैंकिङ् सम्बन्धि जानकारी गराइ डिजिटल बैंकिङका प्रविधिहरुमा बिद्यार्थीहरुलाई अभ्यस्त गराउने साथै वित्तीय पहुंच अभिबृद्धि गराउने उद्देश्यले लुम्विनी प्रदेशका सबै १२ जिल्लाका ३३ शाखाहरुमार्फत उक्त कार्यक्रमहरु संचालन गरिएको थियो ।

एकै साथ संचालित उपरोक्त कार्यक्रममा तीन हजार भन्दा बढी बिद्यार्थीहरुलाइ वित्तीय साक्षरता सम्बन्धि ज्ञानमुलक जानकारी, नेपाल बैंकले लागु गरेका विभिन्न सेवा सुविधाहरु, डिजिटल बैंकिङ्, बिद्यार्थी लक्षित शुभज्ञान बचत खाता साथै बैंकिङ्का विविध आयामहरुको बारेमा जानकारी गराईएको थियो । कार्यक्रममा विद्यार्थीहरुबाट प्राप्त जिज्ञासाहरुलाई सम्बन्धित शाखा प्रबन्धक र अन्य पदाधिकारीहरुले प्रष्ट पार्नु भएको थियो ।

रुपन्देहीको बुटवल बहुमुखी क्याम्पस, भैरहवा बहुमुखी क्याम्पस, राममणि बहुमुखी क्याम्पस र पर्रोहा बहुमुखी क्याम्पसमा क्याम्पस प्रमुख, बैंकका प्रदेश प्रमुख र शाखा प्रबन्धकको उपस्थिती रहेको थियो भने अन्य जिल्लाका विभिन्न कार्यक्रमहरुमा सम्बन्धित क्याम्पस प्रमुख र शाखा प्रबन्धकको उपस्थिती रहेको थियो ।

बैंकका लुम्बिनी प्रदेश प्रमुख लेखनाथ भुसालले नेपाल बैंकले बिद्यार्थीहरुको हीतलाई ध्यानमा राखेर विभिन्न अफर सहितका आधुनिक सेवा सुविधा ल्याईरहेकाले भविष्यमा पनि यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिईने जानकारी गराउनु भएको थियो ।

अनवरत विश्वासको ८५ औ बर्ष प्रवेश गरेको देशकै पहिलो बैंक नेपाल बैंक लिमिटेड सबै पुस्ताको उत्तिकै रोजाइको बैंकको रुपमा रहन सफल भएको छ । बैंकले हाल ७२ जिल्लाका २१३ शाखाहरु १५० एटिएम, र ४७ एक्सटेन्सन काउन्टर मार्फत करिब २० लाख ग्राहकहरुलाई आधुनिक प्रविधियुक्त बैंकिङ् सेवा पुर्‍याईरहेको छ ।

धन्यबाद !

मितिः २०७८ मङ्सिर २८ गते मंगलबार

भवदीय,

(प्रकाश कुमार अधिकारी)
प्रवक्ता/प्रमुख प्रशासकिय अधिकृत